# स्थानीय राजपत्र

## छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः २ संख्याः २ मितिः २०७९।०४।२३ (पहिलो संशोधन)

## भाग - १

## छत्रकोट गाउँपालिका, गुल्मीको सूचना

# छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा (पहिलो संशोधन) ऐन, २०७९

गाउँसभाबाट पहिलो संशोधन स्वीकृत मितिः २०७९।०४।२०

# छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा (पहिलो संशोधन) ऐन, २०७९

**मितिः २०७९।०४।२०**

छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी देहाय बमोजिमको संशोधन गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा (पहिलो संशोधन) ऐन, २०७९ रहेको छ ।

(२) यस ऐन छत्रकोट गाउँपालिका भर लागु हुनेछ ।

**२. छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ को दफा १६ मा संशोधनः** छत्रकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७५ को दफा १६ मा देहाय बमोजिम संशोधन गरीएकोः

खण्ड (क१) गाउँपालिका उपाध्यक्ष - सदस्य **थपिएको**

खण्ड (क२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य **थपिएको**

खण्ड (ग) मा रहेको तथा दलित शब्द झिकिएको

खण्ड (ग१) सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. मध्येबाट शिक्षा समितिले तोकेको दुई जना प्र.अ. - सदस्य

खण्ड (घ) झिकिएको

खण्ड (ङ) झिकिएको

खण्ड (छ) मा रहेको स्रोतव्यक्ति शब्द झिकिएको

खण्ड (ज१) वि.व्य.स. अध्यक्षहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

खण्ड (झ) झिकिएको

उपदफा (२क) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ। **थपिएको**

**३. मुल ऐनको दफा १९ मा संशोधनः** मुल ऐनको दफा १९ मा देहाय बमोजिम संशोधन गरिएकोः

उपदफा १ मा -

खण्ड (क) झिकिएको

खण्ड (ङ) मा समाजसेवी, वुद्धिजिवी भन्ने शब्द थपिएको

उपदफा २ मा -

(२क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (ख), (ग), (घ), (ङ) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(२ख) विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा शिक्षा अधिकृतको संयोजकत्वमा चार सदस्यीय अध्यक्ष मण्डल रहनेछ । अध्यक्ष मण्डलमा प्र.अ र अन्य सदस्यहरु शिक्षा अधिकृतले मनोनित गर्नेछ । **थपिएको**

(२ग) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट सम्बन्धि अन्य कार्यविधि शिक्षा अधिकृतले तोके बमोजिमको हुनेछ ।

**५. मुल ऐनको दफा २६ मा संशोधनः** मुल ऐनको दफा २६ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

उपदफा (२) -

(घ१) प्रधानाध्यापक नियुक्ति सम्बन्धि अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

उपदफा (५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएपनि गाउँ शिक्षा समितिको निर्णय र कार्यपालिकाको निर्णय अनुसार शिक्षा अधिकृतले शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारीहरुलाई जुनसुकै बखत विद्यालयहरुको दोहोरो सहमति विना सिधै सरुवा गर्न सक्नेछ ।

**६. मुल ऐनको दफा ४५ मा संशोधनः** मुल ऐनको दफा ४५ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

खण्ड (क) झिकिएको

खण्ड (ख) सदस्य शव्द झिकि अध्यक्ष **थपिएको** ।

खण्ड (ख१) शिक्षा समितिबाट मनोनित तीन जना प्रधानाध्यापक र शिक्षक - सदस्य **थपिएको** ।

खण्ड (ग) झिकिएको ।

खण्ड (घ) झिकिएको ।

खण्ड (ङ) झिकिएको ।

उपदफा (४) झिकिएको ।

गाउँसभाबाट पहिलो संशोधन स्वीकृत मितिः२०७९।०४।२०

**आज्ञाले**

**कृष्ण प्रसाद पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**